स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



महाशिवरात्रिको अवसर पारेर बुधबारदेखि रिलिजमा आउन लागेको फिल्म 'मायावी'को प्रिमियर गरिएको छ। कीर्तिपुर सिनेप्लेक्ससम्म आयोजित प्रिमियरमा फिल्मकर्मी र रंग पत्रकारको बाक्लो उपस्थिति रहेको थियो। प्रिमियरमा अभिनेता राजेश हमालले 'मायावी'ले सिंगो फिल्म क्षेत्रलाई नै चलायमान बनाउने प्रतिक्रिया दिए। प्रिमियरमा भने किर्तिपुर सिनेप्लेक्ससम्म पुगेका थिए।

आजको विचार...



सार्वभौम...

(दुई पेजमा)

ब्रह्माकुमारी तारा (सरस्वती)

महाशिवरात्रिको अवसर पारेर भोलिबाट प्रदर्शनमा आउन लागेका तीन फिल्म 'लाज शरणम्', 'मायावी' र 'फेरि रेशम फिलिली'लाई देशभरका मल्टीप्लेक्सहरुले शो उपलब्ध गराउँदै अग्रिम बुकिङ खुलाएका छन्। तीन फिल्ममध्ये शो संख्यामा 'लाज शरणम्' केही अगाडि देखिएको छ। यसले देशभर डेढ सय हाराहारी शो प्राप्त गरेको छ। र, फिल्मको बुकिङ पनि उत्साहप्रद देखिएको छ। देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले देशभरका आउटलेटमा गरी फिल्मलाई ६५ शो बाँडेको छ।



❒ वर्ष ३० ❒ अंक २१४ ❒ २०८१ फागुन १४ गते बुधबार 26 February 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# नेपाली सेनाको गौरव

## स्थापनाको २६२ औं वार्षिक उत्सव मनाउँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** फागुन १३/नेपाल राष्ट्रको गौरवशाली संगठनहरूमध्ये सबैभन्दा पुरानो संस्था नेपाली सेना हो । देशको इतिहाससँगै नेपाली सेनाको इतिहास थालनी भएको पाइन्छ । सेना स्थापनाको आज २६२ औं वर्ष पुगेको छ । सोही अवसरमा सेनाले बुधबार मुलुकभर विविध कार्यक्रम गरी स्थापना दिवस मनाउँदैछ । सेनाले दुई दशकअघिदेखि महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको हो ।

दिवसका अवसरमा देशैभरका सैनिक ब्यारेकहरुमा विभिन्न कार्यक्रम हुँदै छन् । त्यहाँ परेड (शस्त्राभ्यास) तथा तोप बढाइँ, कवाजलगायतविविध सांस्कृतिक कार्यक्रमहरु सञ्चालन हुने छन् । जङ्गी अड्डा मातहत मुलुकका विभिन्न भागमा तैनाथ कमाण्ड, बाहिनी, गण, गुल्मलगायत निकायमा आज विभिन्न कार्यक्रम आयोजना गरिएको नेपाली सेनाले जनाएको छ । राष्ट्रपति रामचन्द्र पौडेल सेना दिवसका अवसरमा नेपाली सेनाद्वारा काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा आयोजना हुने विशेष समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुने कार्यक्रम रहेको छ । राष्ट्रको संस्कृति र परम्पराका रुपमा रहेको महाशिवरात्रि तथा सेना दिवस सैनिक मञ्च टुँडिखेल तथा पृतना, गण, गुल्म, युनिट र विभिन्न निकायमा मनाइने नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले जानकारी दिए । दिवसको अवसर पारेर मंगलबार बुटवलमा नेपाली सेनाको इतिहास झल्काउने फोटो प्रदर्शनी आयोजना गरिएको थियो । रुपन्देहीको बुटवलस्थित मध्य पृतना हेडक्वार्टर ब्यारेक परिसरमा सेनाको इतिहास, परम्परा, रीति लगायत सैनिकसित सम्बन्धित जानकारी दिने उद्देश्यले उक्त प्रदर्शनी आयोजना गरिएको हो । आम नागरिकलाई नेपाली सेनासँग सम्बन्धित जानकारी प्रदान गर्ने र सेनाले राष्ट्रिय अभिमान, एकता, आपसी सद्भाव र विश्वास जगाउन प्रदर्शनीले महत्वपूर्ण भूमिका खेल्ने सेनाले जनाएको छ । प्रदर्शनीमा विभिन्न समयमा प्रयोग भएका ऐतिहासिक सुरक्षा सामग्री र उपकरणहरू समेत राखिएको थियो । ऐतिहासिककालदेखि नै सेना राष्ट्रिय मूल्य, मान्यता, परम्परा र संस्कृतिबाट अभिप्रेरित रहेको छ । सेना देश र जनताप्रतिको त्यो जिम्मेवारी तथा कर्तव्यलाई पूरा गर्न इतिहासका विभिन्न कालखण्डमा सेनाले उदाहरणीय र कीर्तिमानी काम गरी आएको छ । सेनाको वर्तमान साङ्गठनिक स्वरूप १८१९ सालदेखि सुरु भएको हो । देशभक्ति, समर्पण र आम नेपालीको हितलाई केन्द्रमा राखेर काम गर्दै आएको सेनाले आफूलाई नागरिकका बीचमा विश्वासिलो सङ्गठनका रुपमा उभ्याएको छ । सैनिक वीरपुर्खाको अदम्य साहस, वीरता र बलिदानका आधारमा नेपाल राष्ट्र स्थापना भएको थियो । राष्ट्रिय एकता कायम राख्नु सेनाको संवैधानिक जिम्मेवारी हो । सेनामा अनुशासन, 'चेन अफ कमाण्ड' र राजनीति निरपेक्ष चरित्र तथा एकताको भावना उच्च संस्कार मानिन्छ । नेपाली सेना मुलुकमा मात्र होइन, अन्तरराष्ट्रिय क्षेत्रमा भरपर्दो र विश्वसनीय फौजको छवि बनाउन सफल भएको छ । सेनाले संघीय, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वयन गरी पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक महत्वका गढी, किल्ला, दरबार, पदमार्ग, सङ्ग्रहालयको संरक्षण तथा मर्मतसम्भार गर्दै आएको छ । त्उति मात्र हैन सेनाले विपद् व्यवस्थापन र सडक पूर्वाधार निर्माणमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ ।




## संक्षिप्त समाचार

### पुल भत्किँदा ४ को मृत्यु

(रासस/एएफपी)

**सियोल,** फागुन १३/दक्षिण कोरियाको एक द्रुतमार्ग निर्माणस्थलमा मंगलबार पुल भत्किँदा दुई चिनियाँ नागरिकसहित चार जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । स्थानीय सञ्चारमाध्यमले पुलको एउटा भाग भत्किएको र धुलोको मुस्लो उडिरहेको नाटकीय फुटेज प्रसारण गरेका छन् । घटनामा चार जनाको मृत्यु भएको, पाँच जना गम्भीर घाइते भएको र एक जना सामान्य घाइते भएको नेसनल फायर एजेन्सीले जनाएको छ । मृत्यु हुनेमा दुई जना चिनियाँ र दुई जना दक्षिण कोरियाली नागरिक रहेको गृह मन्त्रालयका एक अधिकारीले पुष्टि गरे । दक्षिण कोरियाको राजधानीबाट करिब ६५ किलोमिटर दक्षिणमा पर्ने एन्सियोङमा स्थानीय समयअनुसार बिहान ९:५० बजे सो घटना भएको हो । नेसनल फायर एजेन्सीका प्रवक्ताले भने, 'घाइते भएका सबैको अहिले अस्पतालमा उपचार भइरहेको छ ।'

## विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा




**वालिङ (स्याङ्जा),** फागुन १३/ यहाँको चापाकोट नगरपालिकाले छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ । नगरपालिकाका १० वटा वडामध्ये प्रत्येक वडाका अति विपन्न ६० घर परिवारका दरले छनोट गरी नगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो ।

आर्थिक अभावकै कारण आधारभूत स्वास्थ्य सुविधा पाउनबाट बञ्चित नहोउन् भन्ने उद्देश्यले स्वास्थ्य बिमा गरिदिएको नगर प्रमुख देवबहादुर खाँडले बताए । उनले भने, 'नेपाल सरकारले लागू गरेको स्वास्थ्य बिमा अभियानमा आवद्ध बनाइ स्वास्थ्य सेवालाई अति विपन्न वर्गको पहुँचसम्म पु-याउन निःशुल्क स्वास्थ्य बिमा गरिदिएका हौं ।' नगरपालिकाले चालु आर्थिक वर्षमा अति विपन्न समुदायको स्वास्थ्य बिमा गर्न रु २५ लाख ६० हजार बजेट विनियोजन गरेको थियो । विनियोजित बजेटबाट पहिलो चरणमा छ सय परिवारको बिमा गरिएको र दोस्रो चरणमा अपाङ्गता भएका र अन्य विपन्न गरी एक सय २५ जनाको बिमा गरिदिने नगरपालिकाले जनाएको छ । चालु आर्थिक वर्षमा सात सय २५ जनाको स्वास्थ्य बिमा गर्न बजेट विनियोजन गरेकामा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि थप बजेट व्यवस्थानको तयारी गरिरहेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले स्वास्थ्य बिमा बनाइदिएका नागरिकलाई बिमा कार्ड वितरण गरेको छ । स्वास्थ्य बिमा कार्ड बनाइदिएसँगै पाँच जनाको परिवारलाई एक लाखसम्मको स्वास्थ्य उपचार सेवा निःशुल्क प्राप्त हुने भएको छ । -रासस

## रामपुरको स्वरुप फेरिँदै, पूर्वाधार विकास धमाधम

**रामपुर (पाल्पा),** फागुन १२/रामपुर सहरीकरणको सम्भावना बोकेको सहर हो । कालीगण्डकी करिडोरसँग जोडिएको रामपुर नगरपालिकामा पछिल्लो समय पूर्वाधार विकासले द्रुत गति लिएको छ । यहाँको मुख्य बजार बेफाड र त्यस आसपासका सडक हाल धमाधम स्तरोन्नति भइरहेका छन् । बेफाड बजार क्षेत्रमा सडक कालोपत्रका लागि काम थालनी भएपछि यस क्षेत्रका स्थानीय उत्साहित बनेका छन् ।



बजार क्षेत्रमा दुईतर्फी पैदलमार्गसहितको सडक कालोपत्रको योजना सुरु भएको छ । ग्रामीण विकास तथा साना सहरी पूर्वाधार आयोजनाअन्तर्गत (बजार क्षेत्र) बेफाड बजार, बाङ्गेपसल र सहकारी भवनसम्म एक हजार आठ सय ३० मिटर सडक स्तरोन्नति तथा कालोपत्र भइरहेको रामपुर-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले जानकारी दिए । 'बजार क्षेत्रमा काम भइरहेको छ, नाली खन्ने काम सकिएको छ, यसपछि कालोपत्र गरिने छ, बजार क्षेत्रलाई व्यवस्थित बनाउन पैदलमार्ग तयार गर्ने र सडक बत्ति जडान गर्दैछौं', उनले भने । बजार क्षेत्रमा सडकको निश्चित मापदण्ड बनाएर रेखाङ्कन गरी काम थालिएको वडाध्यक्ष पोखरेलले बताए । रामपुरको मुख्य बजार क्षेत्र भएकाले बेफाड बजारलाई हेर्न र घुम्न लायक सहर बनाउन स्तरोन्नतिमा जोड दिइएको हो । ग्रामीण विकास तथा साना सहरी पूर्वाधार आयोजनाअन्तर्गत बेफाड बजारसहित रामपुर-५ र ६ मा पर्ने सहायक सडक स्तरोन्नति गर्ने कार्य भइरहेको छ । लुम्बिनी प्रदेश सरकार, सहरी विकास मन्त्रालयमार्फत यहाँ करिब नौ किलोमिटर सडक स्तरोन्नति गरिँदैछ । सडकको बीच रेखाबाट दायाँबायाँ दुवैतिर चार/चार मिटर सडक क्षेत्राधिकार छ । कूल २६ करोड ७१ लाखको लागतमा आयोजनाको काम सञ्चालन गरिएको छ । आयोजना सञ्चालनका लागि प्रदेश र संघ सरकारको समपूरक कोषबाट बजेट विनियोजन भएको छ । सडक स्तरोन्नति गर्न रामपुर नगरपालिकामा यो हालसम्मकै ठूलो कार्य हो । यस आयोजनाअन्तर्गत रामपुर-५ स्थित सिमलघारी बसपार्क क्षेत्रअन्तर्गत जोडिएका विभिन्न सडकको काम भइरहेको छ । गत वैशाखमा सम्झौता भई जेठदेखि काम सुरू भएको हो । चालु आर्थिक वर्षको असार मसान्तभित्र सम्पन्न गर्ने गरी कामलाई तीव्रता दिइएको वडाध्यक्ष पोखरेलले बताए ।

-बाँकी अन्तिम पेजमा...

## सूचना

**महाशिवरात्रि २०८१** को पावन अवसरमा हाम्रा ग्राहकवर्ग विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । महाशिवरात्रिको अवसरमा फागुन १४ गते बुधबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक फागुन १५ गते बिहीबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ ।

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# शिवरात्रिलाई विकृतिरहित मनाऔं

महाशिवरात्री हिन्दुको एक विशेष पर्व हो । हिन्दु क्यालेन्डर अनुसार फागुन कृष्ण चतुर्दशीको दिन शिवरात्री मनाइन्छ । शिवरात्रीमा श्रद्धालुहरु रातभर जागा रहेर भगवान शिवको आराधना गर्छन्, भजन गाउँछन् । कतिपय रातभर उपवास गर्छन् । शिवलिंगलाई पानी र बेलपत्र चढाएपछि मात्र आफ्नो उपवास चढाइन्छ । महिलाका लागि शिवरात्रीको विशेष महत्व छ । अविवाहित युवती शिवको प्रर्थाना गर्छन् र असल पतिको कामना गर्छन् । विवाहित महिला आफ्ना पति र परिवारको मंगल कामना गर्छन् । शिवजी उत्पत्ति भएका रातका नामबाट नामकरण भएको यो पर्व कालरात्री मोहरात्री सुखरात्री र शिवरात्री नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा पुराणहरूमा वर्णित छ ।

पौराणिक र धार्मिक मान्यताहरुका अनुसार विभिन्न कारणहरुले महाशिवरात्री पर्व मनाइन्छ । जसमा शिव–पार्वतीको विवाह सबैभन्दा धेरै प्रचलित रहेको छ । माता पार्वती र भगवान शिवको विवाह फागुन मास कृष्ण पक्षको चतुर्दशी तिथिमा भएको थियो । यो तिथिमा भगवान शिव र माता पार्वतीको महामिलनको रुपमा पनि मनाइन्छ । महाशिवरात्रीको दिन शिव–पार्वतीको विवाह हुनाले यसको महत्व धेरै रहेको छ । भनिन्छ, यो दिन भगवान शिवको पूजा आरधना गर्नाले भगवान शिव छिट्टै प्रसन्न हुन्छन् । पौराणिक मान्यता अनुसार महाशिवरात्रीको दिन नै भगवान शिवले आफ्नो शिव लिङ्ग सवरुपमा प्रकट भएका थिए । त्यो समयमा सबैभन्दा पहिले उनको यो स्वरुपको विधिपूर्वक पूजा–अर्चना गर्ने बम्हा र विष्णु थिए । यही कारणले महाशिवरात्रीको दिन विशेष प्रकारले शिव लिङ्गको पूजा आरधना गर्ने विधान रहेको हो । तर पछिल्लो समय धर्म, संस्कृति–संस्कारको नाममा वा वाहानामा चाडपर्वहरुलाई विकृत बनाउने काम भएको छ । शिवरात्री पनि त्यसबाट अछुतो हुन सकेको छैन । शिवरात्री मनाउने नाममा गाँजा, भाङ्धतुरो खाने, नाडैं हिड्ने, खरानी घसेर छाडा बन्ने पनि गरिँदै आएको पाइन्छ, त्यसलाई संस्कार र संस्कृतिसँग जोड्ने काम भएको छ । यो गलत हो । सामाजिक मान्यता र विकास विपरीत हुने क्रियाकलाप धर्म, संस्कार–संस्कृति हुन सक्दैनन् । भगवानको प्रसाद सेवनको नाममा नशालु पदार्थ सेवन गर्नु राम्रो होइन । होहल्ला झैंझगडा नगरी धार्मिक आध्यात्मिक सांस्कृतिक अनेक महत्व रहेको शिवरात्रिलाई विकृतिरहित रुपमा मनाउनु आजको आवश्यकता हो । हाम्रो कला संस्कृति रीतिरिवाज चाडपर्व पहिरन खानपान सबै विकृतिरहित हुनुपर्छ । तसर्थ महाशिवरात्रि पनि हाम्रो नेपाली संस्कृति हो जसलाई हामीले विकृतिको पुञ्ज बनाउनुहुँदैन र बन्न दिनुहुँदैन ।

## Opinion @ Social Network

गलत सम्झनेहरुलाई प्रतिक्रिया शब्दले होइन कर्मले दिनु
किनकी शब्दको भन्दा कर्मको ध्वनि कयौं गुणा ठुलो हुन्छ ।
(सोनि अनलेको फेसबुक पेजको स्टाटस *https://www.facebook.com/(Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वभौम पर्व शिवरात्रि र यसको सार्थकता



ब्रह्माकुमारी तारा (सरस्वती)

शिवरात्रि पर्व परमपिता परमात्मा ज्योतीबिन्दु शिव यस धरामा अवतरित हुनुभएको यादगार पर्व हो । सृष्टिमा कुनै बेला भएको कार्यलाई पुनरावृत्तिको लागि स्मृति स्वरुप मनाइने क्रियाकलाप नै वास्तवमा पर्व हो । विगतमा भएका सुकृतिलाई वर्तमान समयसम्म ल्याई पुर्‍याउनको लागि सेतुको कार्य पर्वहरुले गरीरहेका हुन्छन् ।

शिवरात्रि, पर्वहरु मध्येको एक सार्वभौम पर्व हो । सृष्टिमा कुनै बेला अज्ञानताको अन्धकारलाई ज्ञानको प्रकाशले प्रकाशित पार्नको लागि शिव यस धरामा अवतरित हुनु भएको थियो । भारतवर्षमा नै परमात्माको अवतरण हुने हुनाले भारतवर्षमा नै शिवरात्रिलाई विशेषरुपले मनाउँने प्रचलन चलिआएको छ । शिवको शाब्दीक अर्थ कल्याणकारी हुन्छ । शिवको अर्थ पापनाशक,कल्याणकारी र मुक्तिदाता हुन्छ । महिमायोग्य हुनको लागि कुनै विशेष कार्य गरेको हुनुपर्दछ । संसारमा सबैभन्दा धेरै शिव परमात्माका नामहरु छन् तर ती सबै नामहरु उहाँका गुणवाचक र कर्त्तव्यवाचक नामहरु हुन् । तमोसमा ज्योर्तिगमय असतोमा सत्गमय मृत्योर्मा अमृतंगमय भन्ने उक्तिले अज्ञानरुपी तमोसोबाट ज्ञानको प्रकाशतर्फ,असत्यबाट सत्य तर्फ र मृत्युबाट(विनाश) अमरत्व(विकास) तिर लैजाने एउटै परमात्मा शिव हुनुको कारण उहाँलाई ज्ञानसूर्य ,महाकालेश्वर र सत्यम् शिवम् सुन्दरम् पनि भनिन्छ । शिव कुनै मानव शरीरको नाम होईन न त कुनै शरीरधारी गुरुको नै । स्त्रीलिंग र पुलिंगकोस्तर भन्दा पृथक उहाँ ज्योर्तिलिंग,तथा अशरीरी हुनुहुन्छ । त्यसैले शिवको मन्दिरमा शिवलिंग नै राखिएको हुन्छ ,ज्योतिको आकारलाई दर्शाउनको लागि लिंग स्वरुपको प्रतिमा राखिएको हो । लिंग अर्थात् चिन्ह हो । शिवको मन्दिरलाई कहीं पनि शंकर मन्दिर भनी नामाकरण गरेको पाइँदैन किनकी शंकर भनेको मानिसकै तपस्वी रुप हो, भने शिव स्वयं रचयिता हुनुहुन्छ । यसरी शिव र शंकरमा नाम फरक भएझैं उहाँको नाम, काम र रुपमा पनि भिन्नता छ, ज्योती स्वरुप भएकाकारण सबै धर्मका मानिसले ज्योती, नुर, लाईट, अल्लाह र रब आदि नामले सम्बोधन गरेको पाईन्छ । अग्निको स्रोत सूर्य भएको हुनाले अग्नि आकासतर्फ उन्मुख हुन्छ, पानीको स्रोत समुद्र हुनाले पानी सधैं तल तिर बग्दछ त्यही अनुरुप सुख, शान्ति र ज्ञानको स्रोत परमशक्ति परमात्मा भएकोले जब मानिसलाई सुख ,शान्ति र ज्ञानको अभाव हुन्छ तब हरेक सम्प्रदायका मानिस आ-आफ्नो तरिकाले पराशक्तिलाई नै सम्झने गर्दछन् । जुन चिजको नाम हुन्छ त्यो चिजको अस्तित्व पनि यस संसारमा रहेको हुन्छ ,त्यसैले परमशक्ति शिव हुनुहुन्छ र कुनै समय यस धरामा पनि आउनु भएको थियो । ऐतिहासीक समयको यादगारमा शिवरात्रि मनाउने गरिन्छ । शिवरात्रि महान् पर्व हो तर केवल यो एक दिन मनाएर यसको महत्व र सार्थकता हुँदैन । वर्तमान समयमा हरेक वर्ग, क्षेत्र, स्तर, उमेरका व्यक्तिले यो पर्व मनाउनु आवश्यक छ । यो पर्व धार्मिक रुपले मात्र नभई शारिरीक,




मानसिक, सामाजिक, सार्वभौम पर्वको रुपमा देखिन्छ । अर्को प्रश्न यो पनि आउँन सक्दछ कि शिवलिङ्गको प्रतिमा सदैव शंकरको अगाडि हुन्छ । यस भित्र पनि अत्यन्तै गहन रहस्य लुकेको छ । हामीले शिवपुराण, स्वस्थानी आदी कथाको निष्कर्षमा ज्योती स्वरुपको शक्ति नै वास्तवमा शिव हो जसलाई पुजा गर्नको लागि शंकरजीले पनि पार्वतीलाई शिवको अराधाना गर्नु भनि आह्वान गरेका कुराहरु उल्लेख छन् ।

**हामीले कसरी शिवरात्रि मनाउने ?** सामान्यता एक दिनको निर्जलव्रत बस्ने , जलाशयमा गई स्नान गर्ने,शिवको प्रतिमामा जलधारा दिने, भाङ्ग,धतुरो ,गाँजा मादक जस्ता पदार्थ चढाउने र प्रसादको रुपमा सेवन गर्ने जुवा,तास खेल्ने, भजन किर्तन गरी जागरण बस्ने चलन रही आएको छ । संस्कृति राम्रो संस्कारको विकास गर्नमा सहायक हुनु पर्दछ अन्यथा विकृतिको रुप हुन जान्छ । यसर्थ विकृतमय हुनबाट बचाउन शिवरात्री मनाउने शैली थोरै ज्ञानमय हुनु पर्दछ । परम्परागत शैलीले शिवरात्री मनाउनाले यस पर्वमा नै एक प्रकारले कलंक लागेको देखिन्छ । शिवरात्रिको नाममा विकृति भित्रिएको छ । वास्तवमा शिवरात्रिको वास्तविक रहस्योद्घाटन् गर्न यो समयमा स्वयं परमशक्ति यस धरामा सामान्य मानव शरीरमा प्रवेश गरी शिवरात्रिको यथार्थ परिचय दिदै हुनुहुन्छ । हरेक क्षेत्रमा,पापाचार, भ्रष्टचार बढी रहेको वर्तमान समय नै वास्तवमा कलियुग हो । यही कलियुगलाई परास्त गर्न नै परमात्मा आउनु भएको छ । यो परमात्माको कार्यकाललाई संगमयुग, पुरुषोत्तम युग, संग्रामको युग, परिवर्तनको युग भनेर नामाकरण गरिएको छ । कलि अथवा अध्यारोबाट उज्यालो तर्फ,असत्यबाट सत्यतर्फ उन्मुख हुँदैछ । यही समयमा परमात्माले शिवरात्रि मनाउने परम्परागत शैलीमा पनि परिवर्तन गर्नु भएको छ । ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयद्वारा परमात्माले ज्ञानमार्गबाट शिवरात्रि मनाउने सही तरीका सिकाई रहनु भएको छ । तर परमात्माको परकाया प्रवेश गरी गरिने कार्यलाई सबैले पहिचान गर्न सक्ने छैनन् । त्यसैले गीता ज्ञानमा भनिएको पनि छ,

***मनुष्याणां सहस्त्रेशु कश्चिद्यतति सिद्धये । यततामपि सिद्धानां कश्चिन्मां बेत्ति तत्वत: ।।***

अर्थात् हजारौ मानिसहरु मध्येबाट कुनै एकजना मात्र मेरो प्राप्तिका लागि प्रयत्न गर्दछन् । यस्तो प्रयत्न गर्ने अनेक (सिद्ध पुरुष) योगीहरु मध्ये पनि कसैले मात्र मलाई यथार्थ रुपले जान्न सक्दछन् ।

**परमात्माका यथार्थ जान्ने विशेष आधारहरु निम्न छन् :**

१.परमात्मा शिव सर्वोच्च सत्ता हुनुहुन्छ ।
२.परमात्मा शिव सर्वशक्तिमान र सर्व गुणको भण्डार हुनुहुन्छ ।
३.परमात्मा शिव सर्वज्ञ हुनुहुन्छ ।
४.परमात्मा शिव सर्व धर्म मान्य हुनुहुन्छ ।
५.परमात्मा शिव सर्वोपरी( जन्म,मरणको चक्रबाट पर) हुनुहुन्छ ।

वैज्ञानिक मतअनुसार जति जुन वस्तु सुक्ष्म हुन्छ त्यति त्यो वस्तु धेरै शक्तिशाली हुन्छ आध्यात्म विज्ञान यस सुक्ष्मता भन्दा पनि अगाडि छ । परमात्मा गुण र शक्तिको सागर हुनुभएको कारण वहाँलाई विशेषणात्मक रुपबाट सर्वशक्तिवान् भनिन्छ । किनकी वहाँ अति सुक्ष्म भन्दा सुक्ष्म हुनुहुन्छ । विज्ञान अनुसार यो पनि तर्क संगत छ कि कुनै पनि भौतिक पदार्थ या तत्वको वस्तुत: एक रुप (आकार) हुन्छ । ठीक यसरी नै अभौतिक असिम चैतन्य शक्ति परमात्माको पनि एक आफ्नो दिव्य आकारको रुप हुन्छ । परमात्माको अभौतिक रुप सूक्ष्मातिसूक्ष्म दिव्य बिन्दु र स्वरुप ज्योति छ । भौतिक पदार्थ सरह अभौतिक दिव्य शक्ति परमात्मामा पनि वहाँको शक्ति तथा पवित्रताको कारणले जडलाई चैतन्यमा दीप्यमान गर्ने आभा प्राप्त हुन्छ । परमात्मालाई परमचैतन्य उर्जा र सबै प्रकारका शक्तिहरुको स्रोत भनिन्छ । त्यसैले परमात्मालाई सत्चित्त् आनन्द स्वरुप भनिन्छ । त्यही परमशक्तिको चिन्तन गर्ने प्रक्रिया नै वास्तवमा सही शिवरात्रि मनाउनु हो । स्नान गर्नु ज्ञानको श्रवणले तन, मनमा जागृति ल्याउनु,गाजा, चरेश,बेलपत्र चढाउनुको अर्थ अवगुणहरुलाई परमात्मामा अर्पण गर्नु हो । जाग्रम बस्नुको अर्थ विद्यमान अज्ञानताको रातमा पनि आत्मिक जागृतिमा रहनु हो । व्रत बस्नु भनेको केवल अन्नको नभई नकारात्मक दृष्टि, वृति र कृतिको हो एक दिनको व्रत, जाग्रम र अर्चनाले मात्र गरिने बाह्यरुपको भक्तिले भन्दा ज्ञानमय र वैज्ञानिक तवरले मनाइएको शिवरात्रि नै वास्तवमा उपलब्धीमूलक र रुपान्तरणकारी हुन्छ । समाजको रुपान्तरणको लागि मानसिकताको परिवर्तन अपरिहार्य हुन्छ अत: मानसिकताको लागि बाह्यरुपले भन्दा आन्तरिक रुपले व्रत बस्दा बढी लाभप्रद हुन्छ । आध्यात्मिकताको अर्थ आत्माको अध्ययन र आत्मानुभूती गर्नु हो । धर्म अर्थात् (विचार) हो जसको सही प्रयोगले समाजमा सही कुराको सम्प्रेषण हुन्छ । शिवरात्रिको मूल आशय पनि आचरणलाई शुद्धिकरण गर्नु नै हो । आचरणमा सकारात्मक परिवर्तन भएमा रचनात्मक कुराहरुको प्रादुर्भाव हुन्छ । परमशक्ति परमात्मामा मन लगाएर एकाग्रताको शक्तिलाई बढाउछौं भने पनि हामीमा मनोबल प्राप्त हुन्छ जसले गर्दा नकारात्मक भावना हामीमा हावी हुन पाउँदैन । यसर्थ एक दिवशीय शिवरात्रिमा केवल शिवको पुजा मात्र नगरी पूज्यनीय अर्थात् मन, बचन र कर्मबाट पवित्र बन्ने प्रयास गरेमा अवश्य हाम्रो मनोकामना पुरा हुनेछ । संगमयुगका (वर्तमानका) हरेक दिन शिवरात्रि हुन् अत: हरेक दिनमा मन, वचन, कर्मले सही कर्म गरेर नराम्रो कर्मको व्रत बसौं नराम्रा संस्कारको भेटी चढाऔं मादक पदार्थ परमात्मालाई भोग दिई सधैंको लागि कुलतबाट बचौं र अन्यलाई पनि यसबाट बचाऔं ।

अन्तमा महाशिवरात्री पर्बको पावन अवसरमा, वास्तविक शिवत्वको बोध गरी आफ्नो जीवनलाई दिब्य, आदर्श र चरीत्रवान बनाउन आत्मदर्शन, परमात्मदर्शन र समय तथा जीवन दर्शन सम्बन्धी बैज्ञानिक तथा दार्शनिक तथ्यमा आधारित आध्यात्मिक ज्ञान तथा राजयोगको अभ्यास गर्न आफुलाई सुबिधा हुने सम्बन्धित बह्माकुमारी ईश्वरीयविश्व विद्यालयका शाखाहरुमा सम्पर्क गरी तनावमुक्त जीवन यापन गर्न हार्दिक निमन्त्रणा गर्दै , परमपितापरमात्मा शिबको शक्तिले यहाँको जीवन मंगलमय बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु । ओम शान्ति । ***(लेखक ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय तानसेनकी सदस्य तथा राजयोग प्रशिक्षिका समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :सोचेको कार्य समयमा सम्पादन हुनेछ। श्रमको उचित मूल्यांकन हुनेछ। | **तुला** :परिस्थिती अनुसार निर्णय लिनुहोला। व्यवसायलाईलिएर गरिएकोयात्रा सफल रहनेछ। |
| **बृष** :नोकरीको लागि सफलता मिल्नेछ। आम्दानी बढाउन नयाँ कार्यतर्फ अग्रसर भइनेछ। | **बृश्चिक** : पेशामा साहसिक कार्य गर्ने समय रहेको छ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। |
| **मिथुन** : रोजगारको लागि नयाँ अवसर मिल्नेछ। स्वास्थ्यप्रति सचेत रहनुहोला। | **धनु** :व्यवसायबाट राम्रो उपलब्धि हासिल हुनेछ । कार्य गर्ने अवसर रहेको छ। |
| **कर्कट** :व्यवसायमा मनग्य लाभ हुनेछ। गृहणीहरूको गृहकार्यमा समय बित्नेछ। | **मकर** : आटेको कार्य पूरा गर्न सकिएला। भविष्यलाई लिएर निर्णयहरू बन्नेछन्। |
| **सिंह**:प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। खानपानमा विशेष ध्यान पुर्याउनुहोला। | **कुम्भ** :आवश्यकतापूर्तिको लागि धन खर्च हुनेछ। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। |
| **कन्या** : अप्ठ्यारा चुनौतीहरू पन्छाउने समय रहेको छ। रोकिएको कार्य सम्पादन हुनेछ। | **मीन** : बाध्यताले गर्दा कार्य समयमा सम्पादन नहोला।पेशामा हजुरको प्रभाव बढ्नेछ। |

# आज महाशिवरात्री पर्व मनाइँदै, देशभर सार्वजनिक विदा




**पाल्पा,** फागुन १३/फागुन कृष्ण चतुर्दशीका दिन आज आरध्यदेव भगवान शिवको पूजा-आरधना गरी महाशिवरात्री पर्व मनाइँदैछ । हिन्दु धर्मावलम्बीहरू आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्ने चलन छ ।

शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको शिवरात्री :- कालरात्री, मोहरात्री, सुखरात्रीमध्ये प्रमुख रहेको शिव पुराण लगायतका ग्रन्थमा उल्लेख छ । आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् । यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आजको दिन भगवान महादेवलाई जाडो हुने जन-विश्वासले प्रत्येक घर, चोक र मठमन्दिरमा दाउरा मागेर धुनी जगाई भजन कीर्तन गर्नुका साथै आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ । आज देशभरका शिवालय मन्दिरहरुमा विहानैदेखि भक्तजनको घुईंचो लागेको छ । विशेषत: काठमाडौंको पशुपतिनाथ शैवमार्गी हिन्दूका लागि एकमात्र शिवलोकका रुपमा प्रसिद्ध छ । प्राचीन कालदेखि नै शैवधर्मको केन्द्र मानिने नेपालमा महाशिवरात्रीका अवसरमा विशेषगरी भारतबाट आउने साधुसन्तका कारण पनि पशुपतिनाथ मन्दिर परिसर निकै रमणीय बन्ने गरेको छ । हिन्दू संस्कृतिमा कालरात्री, सुखरात्री, मोहरात्री र शिवरात्री जस्ता चार रात्री प्रख्यात छन् । कसैले भगवान शिवको जन्म भएकाले आराधना गर्ने गरेको मान्ने गर्छन् भने कसैले शिवरात्रिको दिन भगवान शिवको पार्वतीसँग विवाह भएको विश्वास गर्छन् । यो दिन भगवान शिवलाई आराधना गर्ने सबैभन्दा उपयुक्त दिनका रुपमा धर्मग्रन्थहरुमा व्याख्या गरिएको छ । भगवान शिवको आराधना गरी व्रत उपासना गरेमा मनुष्य जीवनबाट मुक्ति पाउने किंवदन्ती छ । शिवलाई महादेव, इशान, महेश, हर शंकर, रुद्र, गिरीश जस्ता नामले पुकार्ने गरिन्छ । कतै-कतै भगवान शिवलाई प्रसन्न पार्ने हेतुले शिवको प्रिय गाँजा, भाङ, धतुरो, घोट्टा आदिको सेवन गर्ने चलन छ । महिलाका लागि शिवरात्रीको विशेष महत्व छ । अविवाहित युवती शिवको प्रर्थाना गर्छन् र असल पतिको कामना गर्छन् । विवाहित महिला आफ्ना पति र परिवारको मंगल कामना गर्छन् । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदु:खी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको फदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ । यस पर्वको अवसरमा सरकारले आज सार्वजनिक विदा समेत दिएको छ ।


नेपाल बार एशोसिएशन
जिल्ला अदालत बार एकाई, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**कार्यक्रम स्थगित गरिएको सूचना**

यस पाल्पा बार एकाईको मिति २०८१/१०/१५ गते बसेको कार्यसमितिको बैठकको निर्णय अनुसार मिति २०८१/११/१६ गते (साधारण सभा) र मिति २०८१/११/१७ गते (निर्वाचन) गर्ने गरी सूचना प्रकाशन गरेकोमा विशेष कारणवस हाललाई स्थगित गरिएको सम्पूर्ण सदस्य ज्यूहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल बार एशोसिएशन
तानसेन, पाल्पा



वर्गिकृत डिस्प्ले
*१X५ साइजमा मात्र*
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१



**Rampur Municipality**
**Office of the Municipal Executive**
**Rampur, Palpa**

## Re-Invitation for Bids

**Date of Publication: 2081-11-14(2025-02-26)**

**1.Rampur Municipality** invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods.

**2.**Eligible Bidders may obtain further information and inspect the bidding documents at the **www.bolpatra.gov.np/egp.**

**3.**The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing. | Last date & time of Bid document Submission. | Bid Opening date & time | Estimated Amount, NRs.(Including VAT ) | Minimum Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO/Goods/NCB/ 27/081/082(RE) | Supply & Delivery of Two Wheeler Vehicles to Rampur Municipality Palpa | 2081/12/01 2025/03/14 12:00 hrs. | 2081/12/01 12:00 hrs. | 2081/12/01 14:00 hrs. | 13,96,600.00 | 35,000.00 | 3000.00 |

**4.**The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


खेलकुद समाचार

## न्युजिल्याण्ड सेमिफाइनलमा प्रवेश



**काठमाडौं,** फागुन १३/च्याम्पियन्स ट्रफीमा न्युजिल्याण्ड समूह चरणको अन्तिम खेल अघि नै सेमिफाइनल प्रवेश गरेको छ । सोमबार भएको खेलमा बङ्गलादेशलाई ५ विकेटले पराजित गर्दै न्युजिल्याण्ड अन्तिम चारमा पुगेको हो । समूह 'ए'बाट भारत पनि सेमिफाइनलमा पुगेको छ । अब समूहको अन्तिम खेल न्युजिल्याण्ड र भारतबीच हुनेछ । बङ्गलादेश र पाकिस्तान अन्तिम खेल अघि नै प्रतियोगिताबाट बाहिरिएको छन् । सोमबारको खेलमा बङ्गलादेशले दिएको २ सय ३७ रनको लक्ष्य न्युजिल्याण्डले ४६ ओभर एक बलमा ५ विकेट गुमाएर पूरा गऱ्यो । न्युजिल्याण्डको जीतमा रचिन रविन्द्रले सर्वाधिक १ सय १२ रन बनाए । बङ्गलादेशका लागि रिषद होसैन, नहिद राना, मुस्ताफिजुर रहमान र तस्किन अहमदले समान १ विकेट लिए । त्यसअघि पाकिस्तानको रावलपिण्डी अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा टस हारेर ब्याटिङको निम्तो पाएको बङ्गलादेशले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ३६ रन बनाएको थियो । बङ्गलादेशका लागि कप्तान नजमुल हसन शान्तोले सर्वाधिक ७७ रन जोडे । न्युजिल्याण्डका माइकल ब्रेसवेलले ४, विल ओरोकले २ तथा कायल जेमिन्सन र म्याट हेनरीले समान १ विकेट लिए ।

अर्थ/कर्पोरेट समाचार

## नेप्से बढ्यो, कारोबार रकम भने घट्यो



**पाल्पा,** फागुन १३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार सामान्य अंकले बढेर बन्द भएको छ । नेप्से सात दशमलव १३ अङ्कले बढेको हो । नेप्से बढेसँगै दुई हजार सात सय ६५ दशमलव ८८ को विन्दुमा कायम भएको छ ।

अघिल्लो दिन सोमबार नेप्से परिसूचक ३ दशमलव ३५ अंकले बढेर २ हजार ७ सय ५८ दशमलव ७४ विन्दुमा पुगेको थियो । सो दिन ११ अर्ब ८ करोड ५४ लाख बराबरको सेयर कारोबार भएको थियो । मंगलबार कारोबार रकम भने सोमबारको तुलनामा घटेको छ । तीन सय १२ कम्पनीको एक करोड ७८ लाख ६५ हजार सात सय तीन कित्ता शेयर ९७ हजार पाँच सय ६२ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब ९० करोड ९३ लाख ८६ हजार दुई सय २७ बराबरको कारोबार भएको छ । कारोबारमा बैङ्किङ शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ०५, लगानी शून्य दशमलव ७७, जीवन बीमा शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन शून्य दशमलव १८, म्युचुअल फन्ड शून्य दशमलव ०५ र अन्य समूह दुई दशमलव ९० प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । विकास बङ्क शून्य दशमलव १२, वित्त शून्य दशमलव ७१, लघुवित्त शून्य दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २८ र व्यापार समूह दुई दशमलव ५१ प्रतिशतले घटेको हो । गार्डियन माइक्रोलाईफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्ने क्रमले पनि निरन्तरता पाएको छ ।

सबैभन्दा धेरै घट्नेमा भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ९७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको एक अर्ब दुई करोड ६२ लाख ७३ हजार बराबरको कारोबार भएको छ । त्यस्तै कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १० लाख ३१ हजार दुई सय ८८ कित्ता किनबेच भएको छ ।

## रामपुरको स्वरुप फेरिँदै...

...'विगतमा भएका सडक विस्तारको कामलाई यस आयोजनामा समेटिएको छ । यहाँका १३ सडक छनोट गरी काम भइरहेको छ', उनले भने । हालसम्म सबै सडकमा नाली निर्माणको काम लगभग सकिएको छ । अब कालोपत्र गर्ने तयारी छ । यी सडकले बेभ्काड बजार, बसपार्क, नगरपालिका कार्यालय, मालपोत तथा नापी कार्यालय र इलाका प्रशासन कार्यालयलाई जोडेको छ । नगरपालिका कार्यालय प्राङ्गण अगाडि सुविधा सम्पन्न नमूना हरियाली उद्यान बनाउने यसै योजनामा समावेश गरिएको रामपुर नगर प्रमुख रमणबहादुर थापा बताउन्छन् । 'अहिलेसम्मकै ठूलो योजनामा विशेष गरी रामपुरको वडा नं ५ मा सडक स्तरोन्नतिको काम भइरहेको छ, यस योजनाअन्तर्गत वडा नं ६ मा पनि केही सडक स्तरोन्नतिको काम चलिरहेको छ", नगर प्रमुख थापाले भने, 'आउँदो असार मसान्तभित्र योजना सम्पन्न गर्नुपर्ने भएकाले काम सकिएपछि कामलाई गुणस्तर रूपमा तीव्र गतिमा सञ्चालन गरेका छौं, योजना सम्पन्न भएपछि यो क्षेत्र एउटा नमूना बन्नेछ ।'नगरपालिका तथा वडाबाट विनियोजन गरेको साना रकमले ठूला आयोजना एकै पटक सञ्चालन गर्न कठिनाइ पर्ने हुन्छ । हाल यहाँ परेको ग्रामीण विकास तथा साना सहरी पूर्वाधार आयोजनाले रामपुरको मुहार फेर्नेछ । तोकिएको समयमा गुणस्तरीय काम सम्पन्न गराउन निर्माण कार्य भइरहेका स्थलमा जनप्रतिनिधिबाट निरन्तर अनुगमन तथा निरीक्षणको कार्य भइरहेको छ । यो आयोजना निर्माणको काम सकिएपछि रामपुर सुगम सहरको रूपमा चिनिनेछ भने यहाँ पाल्पा मात्र नभई स्याङ्जा, तनहुँ र नवलपुरका स्थानीयको व्यापार व्यवसाय तथा आवतजावत गर्ने प्रमुख केन्द्र भएकाले चार जिल्लाका स्थानीय प्रत्यक्ष लाभान्वित हुने लुम्बिनी प्रदेशसभाको अर्थ, उद्योग तथा पर्यटन समिति सभापति राजुप्रसाद श्रेष्ठ बताउन्छन् । 'सडक विकास भएपछि अन्य कुराको विकास क्रमिक रूपमा हुँदै जान्छ, रामपुरको बजार क्षेत्र, यस आसपासका सडक कालोपत्र भएपछि नमूना सहर बन्नेछ, यो क्षेत्र ठूला सहर सडक सञ्जालसँग जोडिएको छ, भविष्यमा यो प्रमुख मार्ग बन्नेछ, निर्माण कार्यलाई गुणस्तरीय रूपमा तोकिएको समयमा निर्माण सम्पन्न गर्न बेला-बेलामा निर्माणस्थलको अनुगमन गर्ने काम भइरहेको छ', सभापति श्रेष्ठले भने ।

पोखरा, काठमाडौं, नारायणगढ, बुटवल, भैरहवा सहरसँग जोडिएको रामपुर भविष्यमा देशकै ठूलो सहर बन्ने सम्भावना छ । कालीगण्डकी करिडोर सडकमार्ग रामपुर नगरपालिकामा परेकाले यस सडकले ठूला सहरलाई जोडेको छ । सहरी विकास आयोजनाको काम सम्पन्न भएपछि एउटा नमूना सहरको रूपमा विकसित हुने, यस आयोजनाले रामपुरको पर्यटन, कृषि, उद्योग, व्यापार, व्यवसायमा ठूलो परिवर्तन ल्याउनेछ ।

*-रासस*


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई